म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १५९ २०८१ वैशाख १८ गते मंगलबार 30 April 2024, Tuesday - पृष्ठ ४ मूल्य रु. ५/-

"सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षा प्राप्तिको सुनिश्चितता"

विद्यार्थी भर्ना अभियान-२०८१

विद्यालय जाने उमेरका सबै बालबालिकालाई विद्यालयमा पुऱ्याऔं । विद्यार्थी भर्नासँगै गुणस्तरीय शिक्षाको सुनिश्चिततामा सरकार गम्भीर ध्यानाकर्षण होस् ।

सुरेश श्रेष्ठ, सम्पादक
समृद्ध समाज राष्ट्रिय दैनिक
हेटौंडा-४, मकवानपुर

# पालिकासँग सहकार्य गर्दै मकवानपुर क्याम्पस

छलफलमा सहभागी ।

**समाज संवाददाता**

हेटौँडाः विद्यालय तहसँगै विश्वविद्यालय तहको शैक्षिक सुधारका लागि मकवानपुर बहुमुखी क्याम्पसले जिल्लाका १० वटै पालिका प्रमुख तथा उपप्रमुखसँग सहकार्यका लागि अग्रसरता देखाएको छ। सोमबार बिहान मकवानपुर बहुमुखी क्याम्पसमै पालिकाका प्रमुख, उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृतको उपस्थितिमा जिल्लाको विद्यालय तह र विश्वविद्यालय तहको शैक्षिक सुधारको विषयमा अन्तरक्रिया गरेको छ ।

विद्यालय तह र विश्वविद्यालय तहको शिक्षा सुधारका लागि मकवानपुर बहुमुखी क्याम्पसले पालिकासँग सहकार्यको प्रयास सुरु गरेको मकवानपुर बहुमुखी क्याम्पसका प्रमुख डा. यमबहादुर सिलवालले जानकारी दिनुभएको छ । विद्यालय तहको शिक्षा सुधारका लागि पालिकालाई मकवानपुर बहुमुखी क्याम्पसले सहयोग गर्ने, विश्वविद्यालय तहमा अध्ययन गर्ने पालिकाका विद्यार्थीलाई सहयोग गरी मकवानपुर बहुमुखी क्याम्पससँग पालिकाले सहकार्य गर्ने विषयमा छलफल भएको क्याम्पस प्रमुख सिलवालले जानकारी दिनुभयो। "विद्यालय तहमै गुणस्तरीय शिक्षाका लागि क्याम्पसले पालिकासँग सहकार्यको सम्झौता गरेर अगाडि बढ्ने, नमूनाको रुपमा एउटा पालिकाबाट एउटा विद्यालय छनोट गरेर मकवानपुर क्याम्पसले सहयोग गर्ने विषय प्रस्ताव गरेका छौं", क्याम्पस प्रमुख सिलवालले भन्नुभयो, "विश्वविद्यालय तहको शिक्षा हासिल गर्ने आफ्नो पालिकाका विद्यार्थीलाई पालिकाले सहयोग गर्ने, मकवानपुर क्याम्पससँग सहकार्य गर्ने प्रस्ताव गरेका छौं ।"

विश्वविद्यालय तहको अध्ययन गर्ने विद्यार्थीलाई पालिकाले छात्रवृत्ति उपलब्ध गराउँदै रोजगारीको अवसर समेत सिर्जना गर्ने विषयमा पनि छलफल भएको क्याम्पस प्रमुख सिलवालको भनाइ छ। मकवानपुर क्याम्पसले जिल्लाका पालिकाका प्रमुख र अध्यक्षलाई क्याम्पस सभा सदस्यको रुपमा रहने व्यवस्था गर्ने गरी विधान संशोधन गर्ने बताइएको छ । जिल्लाको शैक्षिक सुधारसम्बन्धी क्याम्पसको प्रस्तावप्रति पालिकाका प्रमुख, उपप्रमुखहरु सकारात्मक रहेको र सहकार्यको प्रतिवद्धता व्यक्त गरेका छन् ।

यस्तै मकवानपुर बहुमुखी क्याम्पसले आगामी जेठ ११ र १२ गते हेटौँडामा उच्च शिक्षाका चुनौति विषयक राष्ट्रिय सम्मेलन गर्दैछ । सम्मेलन आयोजक समितिमा पालिकाहरुलाई पनि समावेश गर्ने र सहकार्यका लागि प्रस्ताव गरिएको छ। मकवानपुर बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष अनन्तप्रसाद पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा क्याम्पस प्रमुख डा. यमबहादुर सिलवालले मकवानपुर बहुमुखी क्याम्पसको वस्तुस्थिति र आगामी योजनाका बारेमा जानकारी गराउनुभएको थियो । कक्षा-११, १२ सँगै स्नातक र स्नात्तकोत्तर तहको अध्ययन, अध्यापन हुने मकवानपुर बहुमुखी क्याम्पसका ६ हजार विद्यार्थी अध्ययनरत छन् । मकवानपुर बहुमुखी क्याम्पसलाई बागमती प्रदेश सरकारले सार्वजनिक विश्वविद्यालयको रुपमा विकसित गर्ने निर्णय समेत गरेको छ। छलफलमा क्याम्पस सञ्चालक समितिका पदाधिकारीको पनि उपस्थिति रहेको थियो ।

# खैरो हिरोइनसहित ४ जना पक्राउ

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-१, चौकीटोलबाट प्रहरीले लागुऔषध खैरो हिरोइनसहित ४ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मकवानपुरको बकैया गाउँपालिका-५ की २२ वर्षीया अञ्जली घलान, हेटौँडा-४ का २१ वर्षीय अभिषेक थापा, २७ वर्षीय विवेक थापा र हेटौँडा-९ की २५ वर्षीया निशा योञ्जन रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ ।

प्रहरीले आइतबार साँझ ५ बजेको समयमा हेटौँडा चौकीटोल डेरा गरी बस्ने अञ्जलीको कोठामा लुकाई छिपाई राखेको १ ग्राम २ सय मिलिग्राम लागुऔषध खैरो हिरोइन फेला पारेको थियो । लागुऔषध खैरो हिरोइनसहित ४ जनाललाई नियन्त्रणमा लिई अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासत कक्षमा राखिएको प्रहरीले जानकारी दिएको छ ।

# कार्यपालिका बैठक बस्यो

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा उपमहानगर पालिकाको कार्यपालिका बैठक सोमबार बसेको छ। कार्यतालिकाअनुसार आइतबार नै बैठक बस्नुपर्ने भए पनि सोमबार मात्रै बैठक बसेको हो । कार्यपालिका बैठकका निर्णय भने सार्वजनिक भएको छैन । यसअघि बैठक बसेकै दिन निर्णय सार्वजनिक गर्ने गरिएको थियो ।

हेटौँडा उपमहानगरपालिकाले कार्यपालिका बैठक प्रत्येक महिनाको २ र १६ गते बस्ने कार्यतालिका बनाएको छ । हेटौँडा उपमहानगरको कार्यपालिका बैठक कार्यतालिका अनुसार बस्न नसक्नु, बैठकका सबै निर्णय सार्वजनिक नहुँदा विभिन्न रुपमा टिका टिप्पणी हुने गरेको छ ।

# बसको ठक्करबाट घाइते बजगाईंको मृत्यु

**समाज संवाददाता**

हेटौँडाः मकवानपुरको बकैया गाउँपालिका-५, तीनतलेस्थित धरान-चतरा सडकखण्डमा बसको ठक्करबाट घाइते भएका भीमसेन बजगाईंको मृत्यु भएको छ । आइतबार साँझ ७ बजेर ३५ मिनेटको समयमामा हेटौँडा-११ स्थित सीएमसी चुरेहिल अस्पतालमा उपचारको क्रममा बजगाईको मृत्यु भएको हो ।

शुक्रबार हेटौँडाबाट फापरबारीतर्फ जाँदै गरेको बा २ ख ६९४३ नम्बरको बसले विपरित दिशाबाट आउँदै गरेको प्रदेश २-०३-०२१ प ६६१४ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । बसको ठक्करबाट चालक बकैयाका नगर प्रहरीसमेत रहेका बकैया-५, भडौराका ३५ वर्षीय बजगाईंको टाउको र अनुहारमा चोट लागि गम्भीर घाइते भएका थिए । शवको पोष्टमार्टम सोमबार भएको छ । प्रहरीले बस चालकलाई नियन्त्रणमा लिएको छ ।

# मकवानपुरमा सम्बन्धविच्छेदका ६ सय २७ मुद्दा दर्ता

**समाज संवाददाता**

हेटौँडाः मकवानपुरमा आलु आर्थिक वर्षको चैत मसान्तसम्म ६ सय २७ वटा सम्बन्धविच्छेदका मुद्दा दर्ता भएको छ । जिल्ला अदालत मकवानपुरको तथ्याङ्कअनुसार नौ महिनामा ६ सय २७ वटा मुद्दा दर्ता भएको हो ।

जिल्ला अदालत मकवानपुरका श्रेस्तेदार लेखनाथ पौडेलका अनुसार उक्त मुद्दामध्ये ४ सय ३६ वटा मुद्दाको फछ्र्यौट भएको छ । फछ्र्यौट भएकामध्ये ९९ प्रतिशतको सम्बन्धविच्छेद भएको छ । उहाँका अनुसार बालविवाह, अन्तरजातीय विवाह, गरिबी र चेतनाको कमीका कारण सम्बन्धविच्छेदका घटना बढ्ने गरेको छ ।

चुनौतीको सामना गर्न नसक्दा, एकअर्काको अविश्वास र शोषण नसहँदा सम्बन्धविच्छेदको अवस्थामा पुग्ने गरेको श्रेस्तेदार पौडेलले बताउनुभयो । पछिल्लो समय शिक्षित वर्गमा पनि सम्बन्धविच्छेदका घटना बढेको उहाँको भनाइ छ । पछिल्लो समय पुरुषले पनि सम्बन्धविच्छेदका लागि निवेदन दिन पाउने भएपछि मुद्दाको संख्या बढेको उहाँको भनाइ छ ।

हार्दिक बधाई

नेपाल औषधी व्यवसायी संघ बागमती प्रदेश समितिको हेटौँडामा शनिबार सम्पन्न दोस्रो अधिवेशनबाट ध्रुबनारायण श्रेष्ठको अध्यक्षतामा नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

नारायण लाल श्रेष्ठ, प्रोप्राइटर
एवम् शुभकामना ड्रग डिष्ट्रिव्युटर्स प्रालि परिवार
हेटौँडा-१०, राप्तीरोड

# शिक्षकका छोराछोरी आफ्नै विद्यालयमा

**समाज संवाददाता**

हेटौंडाः हेटौडा-४ स्थित श्रमिक माध्यमिक विद्यालयमा अध्यापन गराउने शिक्षकहरुले आफ्ना छोराछोरीलाई सोही विद्यालयमा भर्ना गराएका छन्। सोमबार विद्यालयका ६ जना शिक्षकले आफ्ना बालबालिकालाई आफ्नै विद्यालयमा भर्ना गराएको विद्यालयका प्रधानाध्यापक श्रीराम दहालले जानकारी दिनुभयो ।

शिक्षक सुशील पोखरेलको छोरा सन्देश कक्षा २ मा, रमिका शाक्यका छोरा न्यूराज शाक्य पिजी कक्षामा र दिलाशा शर्माका छोरा अथर्वराज जोशीलाई नर्सरी कक्षामा भर्ना गरिएको छ। शिक्षक सम्झना न्यौपानेको छोरा फ्रान्सिस नर्सरीमा र छोरी स्यारोन कक्षा २ मा भर्ना गरिएको छ । यस्तै, शिक्षक सायरा खातुनको छोरा मोहम्मद ह्यारिस अन्सारी र शिक्षक भीमकुमारी आचार्यका छोरा अभ्यास लम्सालला‌ई केजी कक्षामा भर्ना गरिएको प्रधानाध्यापक दहालले जानकारी दिनुभयो ।

आफ्ना बाबुनानीसहित श्रमिक माविका शिक्षकहरु ।

सोमबार विद्यालयमा आयोजित कार्यक्रममा हेटौंडा-४ का वडा अध्यक्ष नवीन सिग्देलले आफैंले अध्यापन गराउने विद्यालयमा आफ्ना छोराछोरी भर्ना गरेकोमा शिक्षकहरुलाई धन्यवाद दिँदै बालबालिकालाई स्वागत गर्नुभयो। सोही अवसरमा वडा अध्यक्ष सिग्देलले विद्यालयमा निजी स्रोत शिक्षकको रुपमा नियुक्त हुनुभएका भीमकुमारी आचार्य, गंगा थापा, आरती बस्नेत, सेवक शिवाकोटी, अमृत शिवाकोटी र आया पविता राना मगरलाई स्वागतसमेत गर्नुभएको छ ।

विद्यालयले यस बर्ष ३ सय जना नयाँ विद्यार्थी भर्ना गर्ने लक्ष्य लिएकोमा हालसम्म एक सय जना विद्यार्थी भर्ना भएका छन्। नयाँ विद्यार्थीलाई ग्रेडसिटका आधारमा भर्ना लिने गरेको दहालले जानकारी दिनुभयो । गत बर्षबाट विद्यालयले पूर्वप्राथमिक तहका विद्यार्थीहरुको अभिभावकले घरमै बसेर सीसी क्यामेराको माध्यमबाट आफ्ना बाबुनानीको अवस्था हेर्ने व्यवस्था गरेको थियो। यस बर्ष विद्यालयले नयाँ योजना बनाएर पूर्वप्राथमिक तहका विद्यार्थीहरुका लागि शनिबारबाहेक अन्य सार्वजनिक बिदाका दिन पनि विद्यालयमा राखेर अध्यापन गराउने योजना रहेको प्रधानाध्यापक दहालले बताउनुभयो ।

विद्यालयले यस बर्षको कार्ययोजनासहित विद्यार्थी तथा अभिभावकलाई शैक्षिक क्यालेण्डर प्रदान गरेको छ । गतवर्ष विद्यालयमा ५ सय १७ जना विद्यार्थी भर्ना भएका थिए । बैशाख २ गतेदेखि विद्यालयका पुराना विद्यार्थीलाई पाठ्यपुस्तक वितरण गरिएको र ६ गतेबाट नियमित कक्षा सञ्चालन गरेको दहालले जानकारी दिनुभयो ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# सम्पादकीय

## एम्बुलेन्स नियमनमा चुनौती

बिरामी वा घाइते मानिसलाई उपचारका लागि अस्पतालसम्म पुऱ्याउन एम्बुलेन्सको प्रयोग हुने गरेको छ । स्वास्थ्य अवस्था नाजुक भएका वा गम्भीर चोटपटक लागेका बिरामीको अवस्थालाई स्थिर राख्दै तत्काल उपयुक्त स्वास्थ्य संस्थासम्म पुऱ्याउने सवारी साधन हो, एम्बुलेन्स । यसैले, आपतकालीन स्वास्थ्य प्रणालीको एउटा प्रमुख अंगका रुपमा एम्बुलेन्सलाई लिने गरिन्छ । एम्बुलेन्स एउटा सवारी साधनमात्र होइन, एम्बुलेन्स हुन धेरै मापदण्ड पूरा हुनुपर्छ । मानिसको जीवनरक्षाको एउटा माध्यम बनिरहेको एम्बुलेन्सका लागि विभिन्न सुविधा दिइएको छ । एम्बुलेन्स खरिद गर्दा राज्यबाट लिने सबैजसो कर छुट गरिन्छ । बिरामी बोकेको एम्बुलेन्सले अप्ठ्यारा परिस्थितिमा पनि निर्वाध आवागमनको सुविधा पाउने गरेको छ । तर, एम्बुलेन्सलाई एम्बुलेन्सकै रुपमा सञ्चालन गर्न सरकारले धेरै नीति, नियम र निर्देशिकामार्फत् नियमनको प्रयास गरेको छ ।

सरकारले एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन २०६० सालमा एम्बुलेन्स सञ्चालन नीति ल्याएको थियो । त्यसलेमात्र नभएर २०७८ सालमा राष्ट्रिय एम्बुलेन्स सञ्चालन निर्देशिका लागू गरको छ । उक्त निर्देशिकाबमोजिम केन्द्रीय, प्रादेशिक र जिल्लास्तरमा एम्बुलेन्स व्यवस्थापन समितिको व्यवस्था गरेको छ । यस्तो समितिले एम्बुलेन्स सेवा सञ्चालन अनुमति दिने, एम्बुलेन्स सञ्चालन नवीकरण गर्ने, एम्बुलेन्सको नियमन गर्ने गर्दछ । सोही व्यवस्थाबमोजिम जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति मकवानपुरले पनि एम्बुलेन्स सञ्चालन अनुमति नवीकरणका लागि आग्रह गरेको भए पनि जिल्लामा सञ्चालित एम्बुलेन्सले त्यसलाई अटेर गरेका छन् । एम्बुलेन्स व्यवस्थापन समितिले करिब ४ महिनाअघि ६० दिनको म्याद दिएर एम्बुलेन्स सञ्चालन अनुमति नवीकरणका लागि सूचना दिँदा एउटामात्र एम्बुलेन्सले नवीकरणका लागि निवेदन दिएको छ । जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिको गत मंसिर २० गतेको बैठकको निर्णयअनुसार पुस १७ गते सूचना जारी गर्दै जिल्लाभित्र सञ्चालित एम्बुलेन्सलाई ६० दिनभित्र अनिवार्य नवीकरण गर्न भन्दा पनि एम्बुलेन्स सञ्चालकले त्यसलाई अटेर गरेका हुन् ।

निर्देशिकाबमोजिम एम्बुलेन्स सञ्चालकहरुले मापदण्ड पूरा गरी एम्बुलेन्स सञ्चालन अनुमति तथा नवीकरण प्रमाणपत्र लिएर एम्बुलेन्स सञ्जाल (१०२) मा आबद्ध हुनुपर्नेछ । मकवानपुर जिल्लाभित्र ५० वटाभन्दा बढी एम्बुलेन्स सञ्चालनलमा रहेका भए पनि अधिकांश एम्बुलेन्स मापदण्डबमोजिम सञ्चालन भएका छैनन् । एम्बुलेन्सलाई विभिन्न मापदण्ड र सेवा सुविधाका आधारमा क, ख, ग र घ वर्गमा विभाजन गर्ने गरिएकोमा निर्देशिकाले क र ख वर्गको व्यवस्था गरेको छ । मकवानपुर जिल्लामा रहेका अधिकांश एम्बुलेन्स ग वर्गका छन् । २०७८ को निर्देशिकाले ग वर्गको एम्बुलेन्स नवीकरण गर्ने समयमा अनिवार्य ख वर्गको मापदण्ड पूरा गर्नुपर्ने व्यवस्था भएका कारण मकवानपुरका एम्बुलेन्स सञ्चालकले नवीकरण गर्न अटेर गर्नुले यसको नियमन चुनौतीपूर्ण बनिरहेको छ ।

निर्देशिकाले देशभर सञ्चालित एम्बुलेन्सहरुलाई प्रेषण केन्द्रमार्फत् एकीकृतरूपमा सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको भए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । एम्बुलेन्समा आकस्मिक स्वास्थ्य सेवासम्बन्धी तालिमप्राप्त चालक र स्वास्थ्यकर्मीका साथै आवश्यक उपकरण र औषधी हुनुपर्ने भए पनि यस्तो सुविधा ज्यादै थोरै एम्बुलेन्समा मात्र पाइन्छ । प्रत्यक्षरुपमा जनस्वास्थ्यसँग जोडिएको एम्बुलेन्सको प्रभावकारी नियमनमा धेरै चुनौती देखिन्छ । एम्बुलेन्स सेवा सर्वसुलभ छैन । चाहिएको समयमा एम्बुलेन्स नपाउँदा र एम्बुलेन्समा आवश्यक सुविधा नहुँदा अधिकांश व्यक्ति निजी सवारी वा भाडाका अन्य सवारी साधनबाट अस्पताल जाने गरेका छन् । एउटा साइरन र बिरामी सुत्ने बेड भएको सवारी साधनको रुपमा परिचित अधिकांश एम्बुलेन्स चालकको तजबिजमा सञ्चालन भइरहेका छन् । एम्बुलेन्सलाई तोकिएको मापदण्डबमोजिम सञ्चालन गराउन निर्देशिकालाई पूर्ण कार्यान्वयनमा ल्याउनैपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | ५२०४९५ | चित्लाङ इलाका | ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल | १०० | वारुण यन्त्र | १०१ |
| ट्राफिक प्रहरी | १०३ | बालबालिका खोजतलास केन्द्र | १०४ |
| वडा प्रहरी | ५२०२९९ | बाल हेल्पलाइन | १०९८ |
| पशुपतिनगर इलाका | ५२०५९८ | हेलो सरकार | ११११ |
| मनहरी इलाका | ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ | १९७ |
| भीमफेदी इलाका | ६९१४६२ | एम्बुलेन्स | १०२ |
| पालुङ इलाका | ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो | ११५० |
| फापरबारी इलाका | ६२१९८० | | |

## तपाईको राशिफल

**पं. ज्योतिषः तोयानाथ सुवेदी**
**ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने**
**सम्पर्क : ९७४५०२८५५५**

**मेष** : अस्वस्थता बढ्ने समयको योग रहेको देखिन्छ ।
**वृष** : व्यवसाय र पेशाका कामहरु सन्तोषजनक रहनेछन् ।
**मिथुन** : काममा प्रतिस्पर्धीहरु पराजित हुने समय छ ।
**कर्कट** : प्रतिस्पर्धीहरु कमजोर बन्ने समय योग छ ।
**सिंह** : व्यापार–व्यवसाय मध्यमकारक रहेको देखिन्छ ।
**कन्या** : माङ्गलिक काममा सरिक भइने समय छ ।
**तुला** : गुमेको धन प्राप्त गर्न प्रयास हुने समय योग छ ।
**वृश्चिक** : आत्मबल र काम गर्ने प्रेरणा प्राप्त हुने छ ।
**धनु** : लेनदेनमा सर्तकता अपनाउँदा राम्रैं रहने छ ।
**मकर** : प्रतिभा र क्षमताले काममा पूर्णता प्राप्त हुने छ ।
**कुम्भ** : लाभमूलक जिम्मेवारी आइपर्ने समय योग छ ।
**मीन** : अकर्मव्य र लक्ष्यहीन नबन्दा राम्रो रहने छ ।

# मन्त्रीका बेलगाम सचिवालयहरू

**सञ्जय नेपाल**

नेपालमा संघीय सरकारका मन्त्रीहरुको दैनिक कार्यमा सहयोगको लागि सरकारी कर्मचारीहरुको टिम भएको निजी सचिवालय तथा मन्त्रीले इच्छाइएका व्यक्तिहरु भएको स्वकीय सचिवालयको कानुनी व्यवस्था छ ।

मन्त्रीहरूको पारिश्रमिक र सुविधा सम्बन्धी ऐन, २०४९ मा निजी सचिवालयको व्यवस्था छ भने स्वकीय सचिवालयका कर्मचारी, तिनका सुविधा र संख्याको व्यवस्था अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका २०७७ को नियम ७.१.९ मा छ ।

निजी सचिवालयमा मन्त्रीको रुचि र सहमतिमा मन्त्रालय भित्रै कार्यरत वा देशभरिका जुनसुकै सरकारी सेवामा (निजामती वा अन्य सरकारी संघ संस्थानमा कार्यरत वा शिक्षक लगायत) कार्यरत कर्मचारी र हन सक्छ। जसमा सामान्यतया उपसचिव वा सो सरहको कर्मचारीको नेतृत्वमा अधिकृत, नायव सुब्बा, कम्प्युटर अपरेटर, कार्यालय सहयोगी र सवारी चालक समेत गरी कम्तीमा पाँच जनाको टिम हुन्छ ।

त्यसैगरी स्वकीय सचिवालयमा मन्त्रीबाटै नियुक्त उपस्वकीय अधिकृत (उपसचिव सरह) सहित स्वकीय अधिकृत, एक स्वकीय प्रशासन सहायक, हलुका सवारी चालक दुई तथा कार्यालय सहयोगी दुई जनाको गरी राज्यकोषबाट तलब भत्ता पाउने गरी सात जनाको स्वकीय सचिवालय हुन्छ।

निजी सचिवालयका कर्मचारीहरु मन्त्रीको आगमन पश्चात् निजी सचिवालयमा सरुवा भई आउँछन् र मन्त्री पदबाट हटे पश्चात् आ-आफ्नो दरबन्दीमा फिर्ता भएर जान्छन् भने स्वकीय सचिवालयका कर्मचारीहरु मन्त्रीले नियुक्त गरेको दिनदेखि कार्य गरी मन्त्री पदमुक्त भएसँगै स्वतः पदमुक्त हुने कानुनी व्यवस्था छ ।

निजी सचिवालयको मुख्य कार्य भनेको मन्त्रीलाई मन्त्रालयको कार्यमा प्रचलित ऐन कानुन र विधि बमोजिम सहयोग गर्नु नै हो। सरकारी कामकाजको तौरतरिकाको जानकारी गराउनु हो । सरकारी भेटघाटमा सहभागी भई अभिलेख राख्नु, प्रतिवेदन संकलन गर्नु हो । प्राप्त अभिलेखहरू सुरक्षित राख्नु हो ।

मन्त्रिपरिषद्मा लैजाने विषयहरूमा सहयोग गर्नु तथा कार्यालय समयभित्रका आगन्तुक भेटघाटको व्यवस्थापन गर्नु आदि प्रमुख कार्य हुन् । मन्त्रीलाई आवश्यक सवारी साधन, मसलन्द, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भ्रमण व्यवस्थापन, कार्यकक्ष व्यवस्थापन, सुरक्षा लगायत विषयमा मन्त्रालयसँग समन्वय गरी कार्य गर्नु निजी सचिवालयको कार्य हो ।

यसरी मन्त्रालयको सचिव र सिंगो मन्त्रालयका महाशाखा, शाखाहरुसँग सेतुको कार्य गरी निजी सचिवालयले मन्त्रीलाई सहयोग गर्छ। सरकारी कर्मचारीको समूह भएको हुँदा निजी सचिवालयले मन्त्रीलाई खासगरी कार्यालय समयमा र मन्त्रालयमा बसेर सहयोग गर्छ ।

त्यसैगरी स्वकीय सचिवालयको कार्य मन्त्रीको निर्वाचन क्षेत्र, पार्टी पंक्ति र कार्यकर्ता, जनतासँगको भेटघाट व्यवस्थापन गरी सहयोग गर्नु हो । कार्यालय समय अघिपछि, मन्त्री निवास तथा निजी निवास त्यसैगरी निर्वाचन क्षेत्रमा समेत रही मन्त्रीलाई सहयोगको लागि स्वकीय सचिवालयको व्यवस्था गरिएको हो । खासगरी कार्यालय समय अघिपछि र सिंहदरबार बाहिर निजी सचिवालयले मन्त्रीको भेटघाट व्यवस्थापन गर्न नसक्ने अवस्थामा स्वकीय सचिवालयले सो कार्य गर्ने गर्दछ।

मन्त्रीको भेटघाट व्यवस्थापन गर्नु, भ्रमण तालिका बनाउनु, राजनैतिक प्रकृतिका मन्तव्यहरू तयार गरिदिनु, दैनिक कार्यतालिका बनाइदिनु, मन्त्रालयसँग समन्वय गरिदिनु, निर्णय भएका विषयहरू शीघ्रताका साथ कार्यान्वयन गर्नु-गराउनु लगायत हर तरहले मन्त्री र उनको पार्टीलाई सफल पार्दै राष्ट्रसेवा गर्ने स्थान हो त्यो । मितव्ययिता, सदाचारिता, नम्र स्वभाव, समन्वय क्षमता, बौद्धिकता र गोप्यता अपेक्षित हुन्छ स्वकीय सचिवालयमा बस्नेको ।

अब प्रश्न उठ्छ- माननीय मन्त्रीका सचिवालयहरुले माथि उल्लिखित कार्य मात्र गरेका छन् त ? माथि उल्लिखित आचरण र व्यवहार छ त सचिवालयका कर्मचारीहरुको ? आम जनता, कर्मचारी तथा सेवाग्राहीको जवाफ छ, विल्कुलै छैन । पछिल्लो केही वर्षदेखि मन्त्रीका सचिवालयहरु सहयोगी कम साँढे जस्ता बेलगाम हुन थालेका छन् ।

पञ्चायती व्यवस्था, संवैधानिक राजतन्त्र, लोकतन्त्र हुँदै अहिले संघीय गणतन्त्रमा नेपाल आइपुग्दा संघीय माननीय मन्त्रीका खासगरी स्वकीय सचिवालयहरु यति बेलगाम, नियम कानुन नमान्ने हठधर्मी तथा अपारदर्शी हुन थालेका छन् कि भनी साध्य छैन । आज तपाइँ सिंहदरबारको अधिकांश मन्त्रालयहरुमा जानुस्, निजी सचिवालय सानो कोठामा थन्किएको छ भने स्वकीय सचिवालय जम्बो हुन थालेको छ ।

मन्त्रालयमा आवश्यकै नपर्ने स्वकीय सचिवालयलाई पछिल्लो समय झन्-झन् शक्तिशाली बनाइन थालिएको छ। मन्त्रीकै नाम भजाएर मन्त्री तथा तिनले प्रतिनिधित्व गरेको दललाई नै बदनाम गर्ने कार्य समेत हुन थालेको छ स्वकीय सचिवालयहरुबाट । केही समयअघि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीले सरुवामा व्यापक चलखेल गरेको गुनासो आएपछि आफ्ना स्वकीय सचिवालयका कर्मचारीलाई हटाएको विषय पत्रिकाहरु मार्फत सार्वजनिक भएको थियो ।

स्वकीय सचिवालयलाई २०५५ साल अगाडि मन्त्रालयमा कार्यकक्ष भएको पाइँदैन । २०६० साल सम्म पनि स्वकीय सचिवालयका कर्मचारीहरु मन्त्रीकै झण्डावाला गाडीमा आउजाउ गर्ने गर्थे । छुट्टै सवारी साधन दिने त कल्पनै थिएन उ बेला। अहिले त यस्तो अवस्था आइसक्यो कि स्वकीय सचिवालयहरु मन्त्रालयका महाशाखाहरु भन्दा शक्तिशाली छन् ।

अनि ऐन कानुनले तोके भन्दा बढी स्वकीय नियुक्ति गर्नाले मन्त्रालयलाई कार्यकक्ष, फर्निचर, कम्प्युटर लगायत कार्यालय सामग्री पुऱ्याउनै धौ-धौ हुने गरेको छ । अहिले नियममै नभएको प्रेस संयोजक र सल्लाहकार राख्ने फेशन भएको छ मन्त्रालयहरुमा । सूचना तथा प्रविधि मन्त्रालय बाहेक त्यस प्रकारको नियुक्तिको कुनै कानुनी व्यवस्था नै छैन नेपालमा । अघिल्लो सरकारका एकजना चकलेटी मन्त्रीको सचिवालयमा त वैतनिक अवैतनिक सल्लाहकार समेत गरी एक दर्जन बढीको स्वकीय सचिवालय थियो ।

नियमतः मन्त्रालयमा सहसचिव भन्दा तल्लो पदलाई व्यक्तिगत सवारी सुविधा छँदै छैन । सवारी साधनको उपलब्धता अनुसार एकभन्दा बढी उच्च कर्मचारी मिलेर घरबाट कार्यालयसम्म आउजाउ गर्नेसम्मको सवारी साधनको व्यवस्था भएकोमा निजी तथा स्वकीय सचिवालयका शाखा अधिकृत तथा नायव सुब्बासम्मले चारपांग्रे सवारी साधन प्रयोग गर्ने गरेका छन् ।

सचिवालयबाट सवारी साधनको यति धेरै माग हुन्छ कि व्यवस्थापन गर्नै कठिन हुने गरेको छ मन्त्रालयहरुलाई । मोटरसाइकल नयाँ खरीद गर्न पाएको छैन सचिवालयलाई चाहिहाल्छ । ल्यापटप र ाम्रा जति सबै उतै । स्रोत-साधनहरुको यति धेरै माग छ कि थामिनसक्नु छ ।

तर यो हदको बेथितिमा कोही बोल्नै चाहँदैन । सवारी साधनका, मसलन्द सामानका, चिया नास्ताका सानातिना कुरा मन्त्रीसम्म के पुऱ्याउनु भन्यो तर यस्तै सामान्य कुराले सिंगो मन्त्रालयलाई गाह्रो परिरहेको हुन्छ ।

फेरि स्वकीय सचिवालयका कर्मचारीहरुलाई मन्त्रीको सहायक भएकोमा यति घमण्ड हुन्छ कि बाफ रे बाफ ! हुँकार गर्दै सबै कर्मचारीलाई गाली गरेर बसिरहेका हुन्छन् धेरैजसो । म नै सबैथोक जस्तो गर्छन् । कर्मचारीतन्त्र बारेको ज्ञान, कानुन, नियम, विधि, प्रक्रिया, मर्यादा केही मतलब छैन ।

मैले भने पछि सचिवले पनि मान्नुपर्छ भन्ने मानसिकता हुन्छ। फेरि आफू छन् उपसचिव सरहका तर प्रथम श्रेणीका महाशाखा प्रमुखको रुपमा कार्यरत वरिष्ठ सहसचिवहरूसम्मलाई ठाडै हप्काउँछन् । भोलिसम्म रहने त तिनै सहसचिवहरु, सचिवहरु हुन् । सहकार्य तिनीहरुसँग नै गर्ने हो भन्ने अलिकति पनि ख्याल गर्दैनन् ।

केही वर्षअघि पर्यटन मन्त्रालयमा नियुक्त भई आएका भलाद्मी स्वभावका माननीय मन्त्रीका स्वकीय उपसचिवले मागेको केही कुरा बेलैमा नपाए पछि सचिवलाई बोलाउनुस् यहाँ भनी स्वकीयले कार्यालय सहयोगीलाई अह्राए। अब स्वकीय सचिवले सचिवलाई त्यसरी बोलाएर पठाए भन्दैमा सचिव आउने कुरो त भएन ।

ती सचिव निजामती प्रशासनमा साह्रै कडा, हक्की स्वभावका इमानदार मानिन्थे। सचिवले मन्त्रीलाई नै कस्तो स्वकीय राख्नुभएको मन्त्रीज्यू ? एउटा उपसचिव सरहको तपाईको स्वकीयले मलाई सचिवालयमा बोलाउने ? खटनपटन गर्ने ? भनेर मन्त्रीलाई नै सचिवको मर्यादा बारे सचेत गराउनुपरेको थियो ।

पछिल्लो समय स्वकीय सचिवालयले मन्त्रालयको समग्र खरीद प्रक्रिया, सरुवाबढुवा तथा वैदेशिक भ्रमणमा पनि हस्तक्षेप गर्न थालेको छ । जुन विल्कुलै गलत अभ्यास हो। सामान सप्लायर्स तथा निर्माणकर्ताहरु स्वकीय सचिवालय मार्फत खरीद ऐन नियमावली विपरीतका खरीद तथा निर्माण त्यसैगरी परामर्श सेवाका लागि दबाब दिन थालेका छन् ।

त्यसले समग्र मन्त्रालयको कार्य प्रणालीमा नै अवरोध हुन थालेको छ । स्वीकृत बजेट, खरीद गर्ने विधि, खरीद शीर्षक बारे केही ज्ञान नभएका वा अल्प ज्ञान भएकाहरुले दिने दबाबले लगभग सबै मन्त्रालय हैरान छन् तर कोही बोल्दैनन । आर्थिक वर्षको सुरुमै खरीद सम्बन्धी बोलपत्र माग गरी टेन्डर प्रक्रियाबाट खरीद कार्य हुन्छ ।

केही स्वकीय सचिवालयले सप्लायर्सहरुको कुरामा लागेर बजेटै नभएको शीर्षकमा खरीदको लागि दबाब दिनाले सम्बन्धित फाँटका कर्मचारी सरुवा भएर हिंड्नेसम्मको स्थिति छ अहिले । शीर्षकमै नभएको अथवा न्यून बजेट भएको शीर्षकबाट अनियन्त्रित खरीद भएपछि भुक्तानी हुनसक्ने कुरै भएन। अनि भुक्तानी हुन नसकेपछि जसरी पनि भुक्तानीको लागि फेरि दबाब सुरु हुन्छ। अनि आर्थिक प्रशासन, कर्मचारी प्रशासन र भण्डार शाखामा कार्यरत सबैलाई तनाव सुरु हुन्छ।

मन्त्रालयमा जिन्सी मालसामान खरीद सम्बन्धी वार्षिक खरीद योजना हुन्छ। त्यस अनुसार बजेट विनियोजन भई खरीद ऐन बमोजिम टेण्डर/घटाघटबाट मालसामान खरीद गरिएको हुन्छ । अब एक वर्षमै पटक-पटक मन्त्री फेरिन्छन् । स्वकीय सचिवालय पनि पटकपटकै बन्ने नै भो । बजेट छ छैन सचिवालयलाई के मतलब । माग गरिदिन्छन् ।

एज्युकेटिभ डायरी, भी ७ पेन, पेनड्राइभ, छाता, लेदर ब्याग, ट्रली ब्याग, रेनकोट, मास्क, स्यानिटाइजर जस्ता धेरै पटक खरीद नहुने किसिमका सामानहरू अत्यधिक माग भइदिनाले समस्या हुने गरेको छ। छैन भन्नु हुँदैन विचरा अनंकित तहको भण्डार सहायकलाई सरुवाको धम्की आइहाल्छ ।

सचिवालय मार्फत मन्त्रीले भनेपछि सरुवा गर्नै पर्ने अवस्था आउँछ कर्मचारी प्रशासनलाई पनि । पछिल्लो दुई वर्षमै संघीय मामिला तथा सामान्य प्रशासन, वन, पर्यटन, शहरी विकास तथा महिला तथा बालबालिका मन्त्रालयमा सचिवालयकै दबाब थेग्न नसकी आन्तरिक व्यवस्थापन हेर्ने थुप्रै कर्मचारी फेरिएका प्रशस्त उदाहरण छन् सिंहदरबारमा ।

स्वकीय सचिवालयमा कार्यरतहरुलाई मन्त्रालयमा काम गर्दा भोलिका दिनमा आइपर्ने कुनै किसिमको जस वा अपजस केही लिनु-दिनु नपर्ने हुँदोरहेछ । सफल वा असफल जे भए पनि माननीय मन्त्री र मन्त्रालयले भोग्दो रहेछ ।

स्वकीय सचिवालयलाई त हाइसन्चो । धेरै अगाडिको के कुरा गर्नु, गणतन्त्र पछिको कुनै पनि सरकारमा मन्त्री भइसकेका राजनैतिक व्यक्तित्वको जस र अपजसमा कुनै स्वकीयको नाम सुन्नुभएको छ तपाईंले ? अहँ छैन। होस् पनि कसरी । सहयोगीले जस र अपजस लिने कुरो पनि त भएन नि !

पहिले पहिले मन्त्रीको स्वकीयमा पार्टीले खटाउने गरेको हुन्थ्यो । जिल्ला कमिटीमा बसेका अझ त्योभन्दा माथि बसेकाहरु स्वकीयमा बस्थे। पार्टी, कार्यकर्ता र मन्त्रीको सेतुको रूपमा काम गर्थे । मन्त्री सँगै मन्त्रालयमा आउजाउ गर्थे । सादा जीवनशैली हुन्थ्यो ।

अहिले परिस्थिति उल्टो छ । बरु माननीय मन्त्रीहरु निवृत्त भएर आफ्नो आफ्नो पार्टी राजनीतिमा फर्कनुहुन्छ तर स्वकीय भएकाहरू सिंहदरबारको रस पाएर सिंहदरबारमै घुमिहिंड्ने हुन्छन् । हेर्दाहेर्दै सरुवा, ठेक्का, प्रोजेक्ट, विकास योजनाहरूमा हस्तक्षेप गर्ने भइसक्छन् ।

अघिल्लो सरकार विघटन हुनुअघि स्वकीय सचिवालयसँग जोडिएर काम गरेका मेरा एक पाका अनुभवी कर्मचारी साथीले अब मन्त्रालयको भण्डार शाखामा कामै नगर्ने भनी सरुवा मिलाए । भएछ के भने नयाँ मन्त्री नियुक्त भई आउनासाथ एक स्वकीयले गाडी माग्न थालेछन् । मन्त्रालयका एकजना महाशाखा प्रमुख (सहसचिव) सरुवा भई गएको तर नयाँ नआएको समय रहेछ ।

महाशाखा प्रमुखले पदेन प्रयोग गर्ने गाडी नै लगिदिए तिनै स्वकीयले। अब भो फसाद ! मन्त्रालयमा धेरै वटा गाडी पनि थिएन । स्वकीयलाई व्यवस्था गरेको गाडी बिग्रिएर बन्दै थियो । उनी त रिसाएर मन्त्री आउँदैछन् भन्ने थाहा थिएन ? यसरी गाडी बिगारेर राख्ने ? एउटा स्कुटरसम्म व्यवस्था नगर्ने ? हामीलाई असहयोग गर्ने ? सरुवा गर्दिम् ? पो भन्न थालेछन् ।

उता नयाँ आएका महाशाखा प्रमुखले पनि मेरो गाडी किन स्वकीयलाई दिएको ? कसको आदेशले काम गरेको ? भनी सातो खाएछन् । यसरी दोहोरो खप्की खाएपछि ती साथी के बस्थे मन्त्रालय । सरुवा गरी हिंडेछन् ।

सचिवालयका कर्मचारीका इच्छा पनि उदेकलाग्दा छन् नेपालमा । मन्त्रालय लगायत देशका सबै संघीय कार्यालयहरुमा शाखा अधिकृत पद भन्दा मुनिको पदको नेमप्लेट राख्ने प्रचलन छैन । शाखा अधिकृत र सोभन्दा माथिको पदलाई राजपत्रमा प्रकाशन हुने पद (राजपत्राङ्कित) भएकोले सम्मानस्वरूप पदीय हैसियत सहितको नेमप्लेट राखिने अभ्यास पुरानै हो । तर स्वकीयहरूलाई त्यसको के मतलब ।

एक जना स्वकीय प्रशासन सहायक भन्ने नायव सुब्बा सरहको पदमा नियुक्त भएका महोदयले नेमप्लेट टाँसको लागि ठूलै रहर गरे । एक दुई पटक त शाखा अधिकृत भन्दा मुनिको पदमा नेमप्लेट राखिने परम्परा नभएको पनि भनियो । तर के गर्नु । हैरान गरेपछि ठूलो नेमप्लेट राखियो श्री फलानो, स्वकीय प्रशासन सहायक, भित्र/बाहिर/व्यस्त । लौ जा । त्यस्ता नेमप्लेट अझै पनि हाम्रा कुनै कुनै मन्त्रालयहरुमा देख्न पाइन्छ । हेर्दा रमाइलै हुन्छ ।

सेवा सम्बन्धी विषयमा ज्ञान भएका उच्च अधिकारीहरू सहभागी हुनुपर्ने अन्तर्राष्ट्रिय सभा सम्मेलनमा कुनै ज्ञान र अनुभव नै नभएका सचिवालयका कर्मचारीहरु गइदिनाले देशकै बेइज्जत भएका बग्रेल्ती उदाहरणहरु सुनिन्छन् अचेल सिंहदरबारमा ।

मन्त्रीकै आफन्त रहेका सचिवालयका एक व्यक्ति अन्तर्राष्ट्रिय सम्मेलनमा अनधिकृत रुपमा गएको विषयमा एउटा विकासे मन्त्रालयले राष्ट्रिय सतर्कता केन्द्रले विवरण माग गरेको विषय केही अघि एउटा राष्ट्रिय दैनिकमा खबर प्रकाशन भएको थियो ।

ल्यापटप, आइप्याड, मोबाइल तथा सवारी साधनहरू बुझ्ने तर मन्त्री फेरिए

....बाँकी पृष्ठ ३ मा

## मदन भण्डारीको...

पनि स्वकीय सचिवालयले ती जिन्सी सामान फिर्ता नदिने रोग पनि उस्तै छ। कतिपय मन्त्रालयमा त महालेखा परीक्षकको प्रतिवेदनमै सचिवालयमा कार्यरत व्यक्तिको नामै टिपेर असुल उपरको लागि लेखेको पनि देखिएको छ।

एउटा मन्त्रालय मातहतको परियोजनाका स्टोर हेर्ने मित्रले मलाई भने अनुसार उनको परियोजनाबाट मन्त्रालयको सचिवालयमा गएका मोटरसाइकलहरु पाँच पटक मन्त्री फेरिइसके तर फिर्ता आएको छैन रे ! बाफ रे बाफ ! यस्तो छ ताल।

अहिले जुनसुकै मन्त्रालयको सचिवालयले गर्ने सबैभन्दा बढी विवादित कार्य भनेको सरुवामा हस्तक्षेप नै हो। त्यसमाथि निजामती सेवा ऐन समयमा जारी नभइदिनाले तजबिजी सरुवामा मलजल भइरहेको छ। यसले केही मन्त्रालयका सचिवालय झन् बदनाम भइरहेका छन्।

यसो सौचौं त। सचिवालयबाट आएको लिस्ट अनुसार सरुवा भएका केही थान नासु, अधिकृत वा उपसचिवले मन्त्री वा पार्टी वा देशप्रति कति योगदान गर्लान्। अहँ केही गर्दैनन्। बरु नियमित प्रक्रियाबाट सरुवा भएकाले नै गर्छन्।

भनिन्छ कर्मचारीतन्त्र असाध्यै अवसरवादी हुन्छ। नेपालको कर्मचारीतन्त्र त त्यसै पनि राजाको शासनकालमा स्थापना भई विकास भएको संस्था हो। मन्त्री हुनु अघिसम्म चिनजान समेत नभएकाहरु मन्त्री हुनासाथ म त हजुरको मान्छे हो नि भन्दै सचिवालय पुग्छ।

अनि सचिवालयका साथीहरू पनि मन्त्रीलाई सहज हुन्छ भन्दै कर्मचारीतन्त्रले गर्ने खरीद प्रक्रिया, वैदेशिक भ्रमण तथा सरुवाबढुवा जस्तो विशुद्ध प्रशासनिक कार्यमा अनावश्यक चासो र हस्तक्षेप गर्न थाल्छन्। यसले गर्दा स्थिर मानिने कर्मचारीतन्त्र नै अस्थिर हुन गइरहेको छ। भर्खरै नियुक्त हुनुभएका माननीय मन्त्रीहरूले यो समस्यालाई बेलैमा सम्बोधन गर्नु जरूरी छ।

खासगरी आफ्नो सचिवालय कस्तो बनाउने भन्ने माननीय मन्त्रीकै हातमा भएको हुँदा पढेलेखेका, सरकारी प्रशासन बुझेका, राजनीतिमा जिल्लास्तरको क्षमता बनाइसकेका, कम से कम सहसचिव-सचिव सँग समन्वय/सहकार्य गर्न सक्ने, कम्प्युटर र अंग्रेजीमा दक्ष, मन्त्रीका हरेक भेटघाटहरु व्यवस्थापन गर्न सक्ने, सरकारी सुविधा तथा सम्पत्तिको लोभ नगर्ने मानिसहरुको समूह राख्ने प्रयास गर्नुपर्छ।

प्रधानमन्त्रीबाट हालै आफ्नो सचिवालय चुस्त बनाउने, अनावश्यक दरबन्दी घटाउने र मन्त्रिपरिषद् कार्यालय चुस्तदुरुस्त राख्ने कुरो आएको छ। यो स्वागतयोग्य कुरो छ। यसले समग्र मन्त्रालयहरुमा रहेको अनावश्यक सचिवालय संख्या र लागत घट्ने र विकृतिहरु हट्ने छ भन्ने अनुमान गर्न सकिन्छ।

आफू मातहतको सचिवालय बनाउने सन्दर्भमा सचिवालयको संख्या, सहयोगीहरुको योग्यता र दक्षता तथा त्यस्ता सहयोगीहरुबाट सम्पादन भएका कार्यको परीक्षण स्वयं माननीय मन्त्रीहरूले गर्ने हो। आगे माननीय मन्त्रीहरूको जे इच्छा !

*(लेखक भूमि व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालयमा कार्यरत छन्। स्रोत: अनलाईनखबर)*

---

## शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मिति: २०८१/०१/१८*

उपरोक्त सम्बन्धमा शिक्षा विकास महाशाखा, हेटौंडा उपमहानगरपालिकाको मिति २०८१/०१/१० को पदपूर्ति अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/१३ गतेको बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपूर्तिका लागि योग्य इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हानसहित विज्ञापन प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ००५/०८०/०८१ | नि.मा.शि. (विज्ञान) | राहत (अनुदान करार) | १ | अंग्रेजी माध्यममा पढाउनुपर्ने |

१. उमेर : १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको।
२. शैक्षिक योग्यता : मूल विज्ञान विषय लिई प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
३. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधन नयाँ पाठयक्रम अनुसार), आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा।
४. तलब भत्ता : नेपाल सरकारको राहत कोटाका लागि तोकिए बमोजिम।
५. दरखास्त दस्तुर : निवेदन साथ रु. १,५००।- (एक हजार पाँच सय मात्र) को बैंक भौचर (ने बै लि. खाता नं. ०२५००१००४४१७९४४००००१) पेश गर्नुपर्ने।
६. दरखास्त दिने अन्तिम दिन : २०८१/०२/०१ गते विद्यालय समय भित्र।
७. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष।
८. सम्पर्क मिति : २०८१/०२/०२ गते बिहान ११:०० बजेपछि।
९. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने छ।

**१०. आवश्यक कागजातहरू :**
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन-१ थान।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-२ थान।
ग) एसएलसी/एसईईदेखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान।
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि-२ थान।

११. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा नाम सूचीकृत भएका उम्मेदवारहरुले यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्रमा निवेदन दर्ता गर्नुपर्नेछ।
सम्पर्क नं. ९८४५३७३८०४, ९८०४२८५१०८
ईमेल jjhsshtd@gmail.com

**प्रधानाध्यापक**
**श्री जनज्योति माध्यमिक विद्यालय**
**हेटौंडा-१४, मयुरधाप**

---

## श्री कालिका माध्यमिक विद्यालय

कैलाश–९ नामटार, मकवानपुर

## शिक्षक आवश्यकता

*(सूचना प्रकाशित मिति २०८१/०१/१८ गते)*

यस विद्यालयमा रिक्त रहेको निम्न विषय र तहको राहत शिक्षकहरु पदपूर्ति गर्नुपर्ने भएकोले आवश्यक योग्यता पुगेको इच्छुक नेपालीहरुबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र दरखास्त आव्हान गरिन्छ।

| क्र.सं. | विज्ञापन नम्बर | तह | विषय | आवश्यक संख्या | न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १. | २०८०/०८१/०२ | नि.मा.वि | अंग्रेजी | १ | शिक्षाशास्त्र संकायमा मूल विषय अंग्रेजी लिई कक्षा १२ उत्तीर्ण वा सो सरह |
| २. | २०८०/०८१/०३ | प्रा.वि. | – | २ | शिक्षाशास्त्र संकायमा कक्षा १२ उत्तीर्ण वा सो सरह |

**तपशिल:**
परीक्षाको किसिम: लिखित, कक्षा अवलोकन तथा अन्तर्वार्ता।
उमेर : १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।
परीक्षा दस्तुर : निमावि रु. २०००।– प्रावि रु. १५००।–
आवश्यक कागजात: नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अध्यापन अनुमतिपत्रको प्रतिलिपी, फोटो १ प्रति, हस्तलिखित निवदन, तालिमको प्रमाणपत्र
दरखास्त दिने अन्तिम मिति: २०८१/०२/०१
सम्पर्क मिति : आवेदनको अन्तिम दिन रहनेछ।
परीक्षा मिति : सम्पर्क मितिमा तोकिनेछ।
शिक्षक सेवा आयोगको करार सूचीमा रहेका आवेदकहरुले विज्ञापन भएको ७ (सात) दिन भित्र निवेदन पेश गरिसक्नु पर्नेछ।

**सम्पर्क: ९८४५२३७४९४ (प्र.अ.), ९८५५०८७०२१ (अध्यक्ष)**
**९८४१९७०३९६ (सप्रअ)**

---

BUDDHA
Bar & Restaurant
CHEESE
Pizza
Rs.100
Per Slice
WELCOME ON
Aaswin 17
Wednesday
ONWARDS
Hetauda-4, School Road
For Delivery
9802923576
buddhabar&restaurant

---

## शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मिति: २०८१/०१/१८*

उपरोक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुर, हेटौंडाको मिति २०८०/१२/१३ को प्राप्त पदपूर्ति अनुमतिपत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८१/०१/१३ गतेको बैठकको निर्णय अनुसार यस विद्यालयलाई तपसिल बमोजिमको शिक्षक आवश्यक परेको हुँदा उक्त पदपूर्तिका लागि योग्य इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हानसहित विज्ञापन प्रकाशित गरिएको छ।

| क्र.सं. | विज्ञापन नं. | तह/पद | प्रकार | संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | ००५/०८०/०८१ | प्रा.शि. | राहत (अनुदान करार) | १ | अंग्रेजी माध्यममा पढाउनुपर्ने |

१. उमेर : १८ बर्ष पूरा भई ४० वर्ष ननाघेको।
२. शैक्षिक योग्यता : प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण।
३. परीक्षाको किसिम : लिखित, अन्तरवार्ता (संशोधन नयाँ पाठयक्रम अनुसार), आवश्यकता अनुसार प्रयोगात्मक परीक्षा।
४. तलब भत्ता : नेपाल सरकारको राहत कोटाका लागि तोकिए बमोजिम।
५. दरखास्त दस्तुर : निवेदन साथ रु.१५००।- (एक हजार पाँच सय मात्र) को बैंक भौचर (ने बै लि. खाता नं. ०२५००१००४४१७९४४००००१) पेश गर्नुपर्ने।
६. दरखास्त दिने अन्तिम दिन : २०८१/०२/०१ गते विद्यालय समय भित्र।
७. दरखास्त दिने स्थान : विद्यालयको प्रशासनिक कक्ष।
८. सम्पर्क मिति : २०८१/०२/०२ गते बिहान ११:०० बजेपछि।
९. परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने छ।

**१०. आवश्यक कागजातहरू :**
क) नेपाली/अंग्रेजी माध्यममा हस्तलिखित निवेदन-१ थान।
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-२ थान।
ग) एसएलसी/एसईईदेखि माथिका शैक्षिक योग्यता र चारित्रिक प्रमाणपत्रहरुको प्रतिलिपि २/२ थान।
घ) अध्यापन अनुमतिपत्रको प्रतिलिपि-२ थान।

११. शिक्षक सेवा आयोगबाट लिएको पछिल्लो परीक्षाको करार सूचीमा नाम सूचीकृत भएका उम्मेदवारहरुले यो सूचना प्रकाशित मितिले ७ (सात) दिन भित्रमा निवेदन दर्ता गर्नुपर्नेछ।
सम्पर्क नं. ९८४५३७३८०४, ९८०४२८५१०८
ईमेल jjhsshtd@gmail.com

**प्रधानाध्यापक**
**श्री जनज्योति माध्यमिक विद्यालय**
**हेटौंडा-१४, मयुरधाप**

---

# मकवानपुर बाल विद्या सदन

**हेटौंडा-१८, खड्कुले**

# गर्मी मौसममा स्वास्थ्यको ख्याल कसरी गर्ने ?

यतिबेला उच्च गर्मीको मौसम छ। गर्मीको मौसममा शरीरमा आलस्यता बढ्नु, चक्कर लाग्नु, शरीरमा क्याल्सियमको कमी हुनु, मुर्छा पर्नु लगायतका समस्याको सामना गर्नुपर्ने हुन्छ। गर्मीमा धेरै मात्रामा पानी पिउनु पर्छ भन्ने सबैले जानेका छौं। तर, त्यसबाहेक अरु के गर्दा शरीरमा फूर्ति बढ्छ आउनुहोस् जानौं।

**मौसम अनुसारको खानपिन:** मौसम अनुसारको खानपानले गर्मीबाट हुने समस्याबाट छुट्कारा पाउन सकिन्छ। त्यस्तै शीतलताका लागि खर्बुजा प्रयोग गर्नु राम्रो मानिन्छ गर्मीमा। खर्बुजामा ९० प्रतिशत पानीको मात्रा हुने भएकोले यसलाई दैनिकरुपमा प्रयोगमा ल्याउन सकिन्छ। त्यस्तै हरियो तरकारी, मौसम अनुसारको फल र हल्का तथा रेशादार खानेकुरा खाँदा गर्मीका कारण शरीरमा बढेको तापमान कम गर्न सकिन्छ।

**सलाद:** सलादमा ९५ प्रतिशत पानी हुने र प्रोटिनको मात्रा पनि बढी हुनु अनि सलादमा ओमेगा ३ फाइबर र क्याल्सियम समेत पाइने भएकोले गर्मीमा सलाद खानु अत्यन्तै उत्तम मानिन्छ। सलादमा फाइबरको मात्रा बढी हुने भएकोले यसले पाचनतन्त्रमा पनि सहयोग गर्छ।

**ब्रोकाउली:** ब्रोकाउलीमा ८९ प्रतिशत पानी हुन्छ। यसले तपाईलाई गर्मीबाट बचाउन मद्दत गर्दछ।

**स्याउ:** स्याउमा ८९ प्रतिशत पानी हुन्छ। स्याउ फाइबर, भिटामिन र धेरै मात्राका अन्य पोषकतत्वको राम्रो स्रोत मानिन्छ। त्यस्तै अनारले पानीको मात्रा पुरा गर्न सहयोग गर्दछ।

**चामलको भात:** मानिसको स्वास्थ्यका लागि भात भन्दा बढी रोटी फाइदाजनक मानिन्छ। तर, स्वास्थ्यविज्ञहरुका अनुसार गर्मीमा भात पानीको राम्रो स्रोत मानिन्छ। भातले शरीरमा पानीको मात्रा पूरा गर्न सहयोग गर्दछ। भातमा आइरन, कार्बोहाइड्रेट र अन्य तत्व प्रचुरमात्रामा पाइन्छ।

**दही:** गर्मीमा पानीको कमि पूरा गर्नका लागि दही अत्यन्तै फाइदाजनक मानिन्छ। दहीमा ८५ प्रतिशत पानीको मात्रा हुन्छ।

**हरिया तरकारीहरू:** गर्मीको मौसममा लौका, करेला, फर्सी, काँक्रा, परवल, भिन्डी र सागसब्जीहरू भान्सामा बढी प्रयोग गर्नुहोस्।

**सरसफाइमा विशेष ध्यान दिनुहोस:** गर्मीका कारण विभिन्न रोगको संक्रमण बढ्ने खतरा हुन्छ। त्यसकारण सरसफाइमा विशेष ध्यान दिनुहोस्। गर्मीका बेला धेरै समय बाहिर नरहनुहोस्। शरीरमा पानी कम हुन नदिन विशेष ध्यान दिनुहोस्।

**गर्मीमा के नगर्ने ?**

खानामा धेरै मसला र तेल प्रयोग नगर्नुहोस्। बासी खानेकुरा नखानुहोस्। मासु कम खानु होस्। बाहिर निस्कँदा पानी पिएर निस्कनुहोस्। सकेसम्म शरीरलाई कपडाले छोप्नुहोस्।

www.samriddhasamaj.com.np

---

## शिक्षक आवश्यकता

*प्रथमपटक सूचना प्रकाशित मिति: २०८१/०१/१८ गते*

शिक्षा विकास तथा समन्वय इकाई, हेटौंडा मकवानपुरको चलानी नम्बर १६५१, मिति २०८१ बैशाख १६ गतेको शिक्षक पदपूर्ति अनुमतिपत्र प्राप्त भई मिति २०८१ बैशाख १७ गते बसेको विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तपशिल बमोजिमको योग्यता पुगेका इच्छुक उम्मेदवारबाट खुलारुपमा दरखास्त आव्हानको सूचना प्रकाशित गरिएको छ।

**तपसिल :**
**विज्ञापन नम्बर : ०१-०८०/०८१**
पद : नि.मा.वि (राहत अनुदान कोटा)
विषय: गणित
आवश्यक पद संख्या: १ (एक)
न्यूनतम् शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो-सरह उत्तीर्ण गरेको।
दरखास्त दस्तुर: रु. १,५००।- (नविल बैंक लि. चल्ती खाता नं. २२१०१०१७५००२८८) मा जम्मा गर्नुपर्नेछ।
उमेर: १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।
सेवा/सुविधा: नेपाल सरकारको नियमानुसार।
दरखास्त दिने अन्तिम मिति २०८१ जेठ १ गते विद्यालय समयभित्र।
सम्पर्क मिति : २०८१ जेठ ३ गते।
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ।
परीक्षाको किसिम: लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन।

**आवश्यक कागजातहरू:**
क) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी २/२ प्रति,
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी २ प्रति,
ग) अध्यापन अनुमतिपत्रको प्रतिलिपी २ प्रति,
घ) शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि २ प्रति,
ङ) अन्य अनुभव भएमा सोको प्रमाणपत्रको प्रतिलिपि २ प्रति,
च) हस्तलिखित निवेदन १ प्रति।
छ) रकम जम्मा गरेको भौचर १ प्रति।

**नोट:-** शिक्षक सेवा आयोगबाट लिइएको परीक्षाको करार सूचिमा रहेका उम्मेदवार लाई यो सूचना प्रथमपटक प्रकाशित मितिले ७ (सात) दिन भित्रमा निवेदन पर्न आएमा योग्यताक्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छनोट गरी नियुक्ति दिइनेछ।

**सम्पर्क: ९८५५०१६३७४ (प्र.अ.)/९८६०४७५६७५ (अध्यक्ष)**

**श्री जालपादेवी माध्यमिक विद्यालय**
**मकवानपुरगढी-६, डुम्रेकुना**

### जिल्लास्तरीय कराँते प्रतियोगितामा बकैया प्रथम

# बलामी र दोङ बने उत्कृष्ट खेलाडी

**समाज संवाददाता**

हेटौँडाः प्रथम संस्करणको खुल्ला जिल्लास्तरीय कराँते प्रतियोगितामा बकैया गाउँपालिका प्रथम भएको छ । शनिबार थाहानगरपालिकाको पालुङ बहुमुखी क्याम्पसको प्राङ्गणमा सम्पन्न भएको प्रतियोगितामा बकैया प्रथम भएको हो ।

बकैयाले ९ वटा स्वर्ण, ७ वटा रजत र ७ वटै कास्यगरी २३ वटा पदक प्राप्त गरेको छ । स्वच्छन्दभैरव डोजाङले ६ वटा स्वर्ण, २ रजत र ९ वटा कास्य गरी १७ वटा पदक प्राप्त गर्दै द्वितीय भएको छ भने ३ वटा स्वर्ण, ४ वटा रजत र ६ वटा कास्य गरी १३ वटा पदक प्राप्त गर्दै तृतीय भएको छ ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी घोषित हुँदै ६० केजी तौल समूहबाट इनेश बलामी र महिलातर्फ सुस्मिता दोङले ट्रफी प्राप्त गरेका छन् । हेटौंडा उपमहानगरपालिका २ वटा स्वर्णमै सीमित भएको छ । प्रतियोगितामा मकवानपुरको १० डोजाङका करिब २ सय ७० जना खेलाडीहरुको सहभागिता रहेको थियो ।

प्रतियोगितामा मकवानपुरगढी गाउँपालिका, लेवट डोजो, बज्रबाराही डोजो, थाहा डोजो र थानाभञ्याङको सहभागिता रहेको थियो । प्रतियोगितामा २० देखि २५, २५ देखि ३०, ३५ देखि ४०, ४० देखि ४५, ४५ देखि ५० र खुला तौल समूहका खेलाडीहरुको सहभागिता रहेको थियो । नेपाल कराँते महासंघ थाहानगर पालिको व्यवस्थापन तथा थाहा नगर पालिका खेलकुद विकास समितिको आयोजनामा प्रतियोगिता भएको हो ।

टीकाराज स्याङ्तानको सभाध्यक्ष तथा थाहा नगरपालिका प्रमुख विष्णु विष्टको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो । कार्यक्रममा थाहा नगरपालिकाका उपप्रमुख भरत गोपाली, महासंघका महासचिव दीर्घ लामा, गोजिरियो कराँतेका अध्यक्ष विरु लामा, सितोरियो कराँते संघका जिल्ला उपाध्यक्ष रामलाल थोकरको उपस्थिति रहेको थियो । प्रतियोगिता आयोजनाका लागि थाहा नगरपालिकाले २ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

### मोहन स्मृति फुटबल प्रतियोगिता

# वडा १० र ६ विजयी

**समाज संवाददाता**

हेटौँडाः हेटौँडामा जारी दोस्रो संस्करणको मोहन स्मृति ८ ए साइड रनिङशिल्ड भेट्रान्स फुटबल प्रतियोगिताको पहिलो खेलमा १० नम्बर वडाले विजयी सुरुवात गरेको छ । सोमबार हेटौँडा-९ स्थित लामसुरेको अद्योगिक फुटबल चौरमा भएको प्रतियोगिताको पहिलो खेलमा १० नम्बरले १७ नम्बर वडालाई ४-१ गोल अन्तरले हराउँदै विजयी सुरुवात गरेको हो ।

वडा नम्बर १० को जितमा गणेश लामाले ३ र श्याम लामाले एक गोल गरेका हुन् । गणेशले पहिलो हाफमा एक र दोस्रो हाफमा दुई गोल गर्दै ह्याट्रिक पूरा गरेका हुन् । खेलको म्यान अफ द म्याच सर्वाधिक गोलकर्ता गणेश घोषित भएका छन् ।

यस्तै, सोमबार भएको दोस्रो खेलमा ६ नम्बर वडा विजयी भएको छ । १२ नम्बर वडालाई ३-० गोल अन्तरले हराउँदै ६ नम्बर वडाले विजयी सुरुवात गरेको हो । ६ नम्बरको जितमा वडाअध्यक्ष विष्णुबहादुर दहालले २ गोल गरेका हुन् । खेलको म्यान अफ द म्याच वडाध्यक्ष दहाल घोषित भएका छन् ।

लामसुरे खेलकुद विकास समितिको आयोजनामा शनिबारबाट सुरु भएको प्रतियोगितामा १४ वटा वडाहरुको सहभागिता रहेको छ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख ११ हजार एक सय ११ रुपैयाँ र उपविजेता टिमले ६५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । सेमिफाइनलमा पराजित हुने दुईवटा टिमले १५-१५ हजार रुपैयाँ तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी, उत्कृष्ट गोलरक्षक तथा अन्य विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि ५-५ हजार रुपैयाँको नगद राशिको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल आउँदो शनिबार हुनेछ । प्रतियोगिता आयोजनाका लागि वडा कार्यालयले ५ लाख रुपैयाँ बजेट बिनियोजन गरेको छ ।

# नागस्वतीमा स्थानीय कृषि उत्पादन तथा संस्कृति प्रवर्द्धन मेला हुने

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-७, नागस्वतीमा 'प्रथम नागस्वती स्थानीय कृषि उत्पादन तथा संस्कृति प्रवर्द्धन मेला २०८१' हुने भएको छ । नागस्वती युथ क्लबको आयोजनामा वैशाख १९ गतेदेखि ३० गतेसम्म मेला हुन लागेको हो ।

सोमबार पत्रकार सम्मेलन गर्दै आयोजक नागस्वती युथ क्लबले ११ दिने मेलाको आयोजना गर्न लागिएको जानकारी गराएको हो । मेलाको उद्घाटन हेटौँडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँले गर्नुहुने आयोजकले जनाएको छ । कृषिलाई प्रोत्साहन गर्ने उद्देश्यले मेला आयोजना गर्न लागिएको आयोजकले जनाएको छ ।

मेलामा कृषि उपज, दुग्धजन्य परिकार, मासुजन्य परिकारका स्टलहरुसमेत रहनेछन् । मेलामा जिल्लाभरका कृषकहरुले कृषि प्रदर्शनी गर्न पाउनेछन् । स्थानीय कलाकारहरुलाई प्रोत्साहन गर्न विभिन्न संस्कृति प्रदर्शनीसमेत हुनेछ । मेलामा राष्ट्रियस्तरका चर्चित कलाकार धुर्मुस-सुन्तली, प्रताप दास, रचना रिमाल, ज्योति मगर, प्रीति आले, शान्तिश्री परियार, राजनराज शिवाकोटी, सतिश घलान, तेन्जु पाखिन, प्रीति पासवानलगायतकाको प्रस्तुति रहनेछ ।

मेलामा ५० लाख खर्च हुने आयोजकले जनाएको छ । मेलामा खाना तथा रेस्टुरेन्टका स्टल १५ वटा रहनेछ भने अन्य स्टलहरू ५० वटा गरी करिब ७० वटा स्टल रहने आयोजकले जनाएको छ । मेलामा पहिलो र दोस्रो दिन निःशुल्क प्रवेश रहनेछ भने अन्य दिनहरुमा एकसय रुपैयाँ टिकट शुल्क लाग्नेछ । मेलामा एक लाखभन्दा धेरै दर्शक आउने आयोजकको अनुमान छ । पत्रकार सम्मेलनमा नागस्वती युथ क्लबका अध्यक्ष अमर गुरुङ, उपाध्यक्ष राजकुमार बानियाँ, सुरज तितुङ्ग, कोषाध्यक्ष आत्माराम बस्नेतलगायतको सहभागिता रहेको थियो ।

के तपाइ' आफ्नो व्यवसायको विज्ञापन गरेर
व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो
भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०
Email:sambridhasamaj@gmail.com

# भुवनेश्वर सेवा समितिको अध्यक्षमा पुनः पाण्डे

**समाज संवाददाता**

हेटौँडाः हेटौँडा-४ स्थित भुवनेश्वर (पशुपति मन्दिर) सेवा समितिको अध्यक्षमा पुनः जगन्नाथ पाण्डे चयन हुनुभएको छ । सोमबार भएको ११ औँ अधिवेशन तथा साधारणसभाले पाण्डेलाई सर्वसम्मत दोस्रो कार्यकालका लागि अध्यक्ष चयन गरेको हो ।

समितिको वरिष्ठ उपाध्यक्षमा तेजप्रसाद रुपाखेती, उपाध्यक्षमा राम बिडारी, सचिवमा नानीराम अर्याल, सहसचिवमा केशव देवकोटा र शान्ति श्रेष्ठ एवम् कोषाध्यक्षमा पूर्णमान श्रेष्ठ चयन हुनुभएको छ । समितिको सदस्यको भने टुङ्गो लाग्न बाँकी रहेको अध्यक्ष पाण्डेले जानकारी दिनुभयो । सदस्य सर्वसम्मत चयनमा समस्या भएकाले शुक्रबारसम्म टुङ्गो लगाउने र नलागेमा शनिबार चुनाव गराउने पाण्डेले बताउनुभयो । बागमती प्रदेशका खानेपानी, ऊर्जा तथा सिँचाई मन्त्री एकालाल श्रेष्ठको प्रमुख आतिथ्य तथा समितिका अध्यक्ष पाण्डेको अध्यक्षतामा साधारणसभा भएको हो । कार्यक्रममा संविधानसभा सदस्य अनन्त पौड्याल, प्रल्हाद लामिछानेको पनि आतिथ्य रहेको थियो ।

# हास्यव्यङ्ग्यकार सम्मानित हुँदै

**समाज संवाददाता**

हेटौँडाः सिस्नुपानी नेपाल मकवानपुरले २ जना स्रष्टालाई सम्मान गर्न लागेको छ । संस्थाले आफ्नो स्थापना दिवसको अवसरमा विभिन्न कार्यक्रमसहित २ जना स्रष्टालाई सम्मान गर्न लागेको हो ।

स्वर्गीय डा. गणेशकुमार पौडेल हास्यव्यङ्ग्य स्मृति साहित्य सम्मान २०८० बाट दाङ जिल्लाका उत्तमकृष्ण मजगैयालाई सम्मान गरिने भएको छ । पौडेलको परिवारजनले स्थापना गर्नुभएको गणेशकुमार स्मृति हास्यव्यङ्ग्य सम्मानबाट मजगैयालाई २५ हजार रुपैयाँको नगद राशि र सम्मानपत्र प्रदान गरिनेछ । व्यङ्ग्यसम्बन्धीको विभिन्न विधामा कलम चलाउँदै आउनुभएका मजगैयालाई सम्मान गर्न लागिएको संस्थाका अध्यक्ष राजकुमार लामिछानेले जानकारी दिनुभएको छ ।

यस्तै, आरसी रिजाल हास्यव्यङ्ग्य सम्मान २०८० मोरङ जिल्लाका अनिल पौडेललाई प्रदान गरिने अध्यक्ष लामिछानेले बताउनुभयो । आरसी रिजालले स्थापना गर्नुभएको हास्यव्यङ्ग्य सम्मान २०८० बाट १५ हजार रुपैयाँ नगद र सम्मानपत्र व्यङ्ग्यकार पौडेललाई प्रदान गरिने उहाँले बताउनुभयो । कार्यक्रममा विभिन्न प्यारोडी गायन सँगसँगै हास्यव्यङ्ग्य रचना वाचन हुनेछ । कार्यक्रममा सम्मानित व्यक्तिहरुले पनि रचना वाचन गर्नेछन् । हेटौँडा-४ स्थित रोयल पार्टी प्यालेसमा हुने कार्यक्रमको उद्घाटन सिस्नुपानीका केन्द्रीय अध्यक्ष लक्ष्मण गम्नागेले गर्नुहुनेछ ।

## भूतपूर्व सैनिक मिलन बचत तथा ऋण सहकारी संस्था लि. को

## २१ औं वार्षिक साधारणसभा सम्बन्धी सूचना

यस संस्थाको २१ औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा सभा हुने भएको हुँदा यहाँको गरिमामय उपस्थितिको लागि हार्दिक निमन्त्रणा गर्दछौँ । साथै वार्षिक साधारण सभाको छलफलमा पेश हुने प्रस्तावहरु निम्न अनुसार रहेको जानकारी गराइन्छ ।

**प्रस्तावहरुः-**

१. अध्यक्षज्यूको वार्षिक नीति सहितको संस्थागत प्रतिवेदन सम्बन्धमा ।
२. सचिवज्यूबाट प्रस्तुत प्रगति विवरण प्रतिवेदन सम्बन्धमा ।
३. कोषाध्यक्षज्यूबाट प्रस्तुत आर्थिक लेखा परिक्षण प्रतिवेदन सम्बन्धमा ।
४. जग्गा खरिद बिक्री सम्बन्धमा ।
५. लेखा परिक्षक नियुक्ति सम्बन्धमा ।
६. साधारण सभाको निर्णय पुस्तिका प्रमाणित सम्बन्धमा ।
७. विविध ।

**कार्यक्रम**

मिति : २०८१/०१/२८
स्थान : बासुकला पार्टी प्यालेस, हेटौंडा– ५
समयः बिहान ११:३० बजे ।
नोटः साधारण सभामा आउँदा पासबुक अनिवार्य रुपमा साथमा लिएर आउनु पर्नेछ ।

**शिव बहादुर थापा**
**सचिव**

# वनमा डढेलो लगाउने इन्द्रसरोवरका घिसिङ पक्राउ

**समाज संवाददाता**

हेटौंडाः राप्ती डिभिजन वन कार्यालय मनहरीअन्तर्गत् पवलीभञ्ज्याङ सामुदायिक वनमा डढेलो लगाउने एक जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-२, सुकौरा बस्ने ३८ वर्षीय सोमबहादुर घिसिङलाई इलाका प्रहरी कार्यालय भीमफेदीको गस्ती टोलीले पक्राउ गरेको हो ।

गत बुधबार घिसिङलाई पक्राउ गरिएको राप्ती डिभिजन वन कार्यालय मनहरीका योजना अनुगमन प्रमुख गगन शर्माले जानकारी दिनुभयो । घिसिङलाई पक्राउ गरी डिभिजन वन कार्यालय राप्तीले जिल्ला अदालत मकवानपुरबाट म्याद थप गरी अनुसन्धान कार्य गरिरहेको जनाएको छ ।

घिसिङलाई अहिले अनुसन्धानका लागि सशस्त्र वन रक्षक सुरक्षा कार्यालयमा राखिएको छ । वन ऐन २०७६ अनुसार वनमा आगो लगाउनेलाई क्षतिको बिगो असुल गरी ६० हजार जरिवाना वा ३ वर्ष कैद सजाय वा सबै खालका कारबाही हुनसक्ने कानुनी व्यवस्था रहेको छ ।

बुधबार इन्द्रसरोवर-२, सुकौरास्थित पवली भञ्ज्याङ सामुदायिक वनमा आगो लगाएको आरोपमा घिसिङलाई नियन्त्रणमा लिएको हो । घिसिङले लगाएको आगोबाट सोही स्थानका रामबहादुर घिसिङको माटो ढुङ्गा, टिनले छाएको २ तले घरको अगाडिको भाग काठको बार्दली, झ्याल, ढोका, अन्नपात मकै ५ मुरी, तोरी ३ मुरी, फापर १ मुरी, डीएपी मल २ बोरा, पानी राख्ने ड्रम ३ वटा र भाँडाकुँडाहरु जलेर क्षति भएको थियो ।

# मकवानपुरगढीमा ४ जना सवइन्जिनियर नियुक्त

**समाज संवाददाता**

हेटौंडाः मकवानपुरगढी गाउँपालिकामा ४ जना सवइन्जिनियर नियुक्त गरिएको छ । आइतबार प्रमखु प्रशासकीय अधिकृत राजेन्द्र कार्कीको उपस्थितिमा गाउँपालिकाका उपप्रमुख मानकुमारी पाखिन नेपालीले ४ जनालाई शपथ खुवाउनुभएको गाउँपालिकाका प्रशाशन अधिकृत रघुनाथ हुमागाईले जानकारी दिनुभयो ।

१४ गते बागमती प्रदेश लोकसेवा आयोगको सिफारिसमा १६ गते ४ जनालाई नियुक्ति गरिएको हो । नियुक्ति हुनेमा भीमदत्त नगरपालिका-१२, कञ्चनपुरका प्रदिप भट्ट, भरतपुर महानगर पालिका चितवनका रेशम ढकाल, ललितपुर महानगरपालिकाका आज्ञा श्रेष्ठ र नौकुण्ड नगरपालिका रसुवाका विक्रम तामाङलाई नियुक्ति गरिएको हुमागाईले जानकारी दिनुभयो ।

भट्टलाई गाउँपालिकाको ४ नम्बर वडा कार्यालयमा, ढकाललाई १ नम्बर वडा कार्यालयमा, तामाङलाई ३ नम्बर वडा कार्यालयमा र श्रेष्ठलाई गाउँपलिकाको घरजग्गा तथा नक्सा शाखामा नियुक्ति गरिएको छ । गाउँपालिकामा अहिले ५ जना करारमा सवइन्जिनियर रहेका छन् ।

# स्नातक तह दोस्रो बर्षको परीक्षा सुरु

**समाज संवाददाता**

हेटौँडाः त्रिभुवन विश्वविद्यालयअन्तर्गत स्नातक तह दोस्रो बर्षको वार्षिक परीक्षा सुरु भएको छ । परीक्षा आइतबारबाट सुरु भएको हो । यस बर्ष स्नातक तह दोस्रो बर्षमा मकवानपुर जिल्लाबाट ७ सय ७५ जना विद्यार्थीले परीक्षा फारम भरेका छन् ।

यस बर्ष हेटौँडा-२, स्थित मकवानपुर बहुमुखी क्याम्पसबाट बाणिज्य संकायमा ३ सय ४२ जना, मानविकी संकायका ४३ जना, शिक्षाशास्त्र संकायमा ९२ जना र विज्ञान संकायमा २६ जनाले फारम भरेका परीक्षा शाखाका इरोज न्यौपानेले जानकारी दिनुभएको छ । यस वर्ष मकवानपुर जिल्लाका ९ वटा क्याम्पसबाट बाणिज्य संकायका ५ सय ६ जना, मानविकी संकायका ४३, शिक्षाशास्त्र संकायका २ सय र विज्ञान संकायका २६ जना विद्यार्थीले परीक्षा फारम भरेका थिए ।

मकवानपुर जिल्लामा ९ वटा क्याम्पस सञ्चालनमा रहेका छन् । मकवानपुर बहुमुखी क्याम्पससहित वशंगोपाल बहुमुखी क्यम्पस, हेटौँडा क्याम्पस, हेटौँडा स्कुल अफ म्यानेजमेन्ट, मनहरी बहुमुखी क्याम्पस, नारायणी कलेज, पालुङ क्याम्पस र निर्मल बहुमुखी क्याम्पस गरी ९ वटा क्याम्पसबाट ७ सय ७५ जना परिक्षार्थीले परीक्षा फारम भरेका न्यौपानेले जानकारी दिनुभयो ।

गर्मी मौसममा संक्रामक रोगबाट बचौं र बचाऔं ।

- गर्मी मौसममा मलेरिया, कालाजार, डेंगु, हैजा लगायतका विभिन्न संक्रामक रोगहरु फैलिन सक्दछन्,
- संक्रामक रोग फैलाउने झिँगा, लामखुट्टे, भुसुना आदिको नियन्त्रण गरौं,
- संक्रामक रोगबाट बच्न शुद्ध र उमालेको पानी पिऔं,
- बासी तथा सडेगलेका खाना नखाऔं,
- घरभित्र र वरपरको सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ